# लेखापरीक्षण प्रतिवेदन

# दँगीशरणा गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## दँगीशरणा गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/488

श्रीमान् अध्यक्षज्यू,
दँगीशरण गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दाङ।

**विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/488

**स्थानीय तहको रायसहितको प्रतिवेदन**

श्रीमान अध्यक्षज्यू,

दँगीशरण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दाङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियतसहितको राय

हामीले त्यस दँगीशरण गाउँपालिका आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित)र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२ गाउँपालिकाको आय-व्ययतर्फ रु. ९८ करोड २७ लाख ४९ हजारको लेखापरीक्षणबाट रु. २ करोड २६ लाख ३० हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ४७ लाख १६ हजार संपरीक्षण भई असुल गर्नुपर्ने रु. १ लाख ७ हजार, नियमित गर्नुपर्ने रु. ७८ लाख ३३ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.९९ लाख ७३ हजार समेत गरी रु.१ करोड ७९ लाख १४ हजार बेरुजु बाँकी रहेको छ। गत वर्षसम्म रु. १० करोड ५४ लाख ५७ हजार बेरुजु बाँकी रहेकोमा पालिकाले संपरीक्षणको लागि पेश गरेको छैन। पालिकाको हालसम्मको अद्यावधिक बेरुजु रु. १२ करोड ३३ लाख ७१ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले दँगीशरण गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-**लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग,शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन सेवा प्रवाह स्थानीय प्रशासन जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, प्रमुख/ अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत दँगीशरण गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेकाछन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति,लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट संपरीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | | |
| ६० | ४२ | २,२६,२९,८३१ | ० | ५ | ४७,१५,९५० | ० | ६० | ३७ | १,७९,१३,८८१ | १,०७,३०३ | ७८,३३,१२३ | ९९,७३,४५५ | ० | ० | १,७८,०६,५७८ | | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष संपरीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दाङ | १०,५४,५७,१८१ | ० | ० | १०,५४,५७,१८१ | ० | १,७९,१३,८८१ | १२,३३,७१,०६२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रतिकृयाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | ३० | बढी भत्ता भुक्तानीः | ५,९५० |
| २ | २०८१/८२ | ५७.२ | कलम खोलामा पक्की पुल निर्माण ( ठेक्का.न.१३।०७७।०७८) : | ४७,१०,००० |
| **जम्मा** | | | | **४७,१५,९५०** |

# दँगीशरणा गाउँपालिका, दाङ

# ( ८०५५६५०२३०० )

# दंगीशरण गाउँपालिका , दाङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-**स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकार सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ७ वडा, ११०.७ वर्ग किलोमिटर क्षेत्रफल तथा २१४८४ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पलिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।२१ देखि २०८२।०८।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु. ९८ करोड २७ लाख ४९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ११९३९६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | लघु उद्यम विकासतर्फ | २६७२४ |
| २ | शिक्षातर्फ | ४०००० |
| ३ | सामाजिक सुरक्षातर्फ | ५२६७२ |
| **जम्मा** | | **११९३९६** |

## २ एकीकृत वित्तिय विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्रासि र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ।पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः

| दँगीशरण गाउँपालिका, दाङको आर्थिक वर्ष २०८१।८२ को एकीकृत आर्थिक विवरण देहाय अनुसार रहेका छ : | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ति | | | भुक्तानी | | |
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| शुरु मौज्दात | | ३९३८८४७६.३४ | चालु खर्च | | २४४३४१८६६.३९ |
| १.संचित कोष | १५४६५६०२.३५ | | १. पालिका तर्फ | १२३७६६२१४.९७ | |
| २.धरौटी | ११३५१७६५.६७ | | २. संघीय सशर्त | १२०५७५६५१.४२ | |
| ३.कार्यसञ्चालन कोष | १२५७११०८.३२ | | ३. संघीय विशेष | ० | |
| ४. अन्य कोष | | | ४. प्रदेश सशर्त | ० | |
| यस वर्षको आय | | | ५. प्रदेश विशेष | ० | |
| १.आन्तरिक आय | ७८८५५६२.१२ | ७८८५५६२.१२ | पुँजीगत खर्च | | १२६६४४९६१ |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ३४४८७०५६० | १. पालिका तर्फ | ७४७९०९४५ | |
| क) समानीकरण अनुदान | ८४९६९७६० | | २. संघीय सशर्त | २७५९६७१३ | |
| ख) राजस्व बाँडफाँट | ७६१९५३७२.७२ | | ३. संघीय विशेष | १२४३७६७२ | |
| ग) सशर्त अनुदान | १६८०९०००० | | ४. संघीय समपुरक | २५७८१४० | |
| घ) समपुरक अनुदान | ३१६९०७७ | | ५. प्रदेश सशर्त | ४५८३२३१ | |
| ङ) विशेष अनुदान | १२४४६३५० | | ६. प्रदेश विशेष | ० | |
| च) रोयल्टी | ० | | ७. प्रदेश समपुरक | ४६५८२६० | |
| छ) अन्य | ० | | अन्तर सरकारी अख्तियारी (संघ) | | ९६८८६३६८ |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | २९५२५९५० | क) सामाजिक सुरक्षा | ९४०३२७३२ | |
| क) समानीकरण अनुदान | ६११५००० | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २१२९४४५.९९ | |
| ख) राजस्व बाँडफाँट | ५३५१४८१.९५ | | ग) विद्यालय शिक्षा क्षेत्र योजना | ६००००० | |
| ग) सशर्त अनुदान | ४८४५०१० | | घ) रोजगार प्रवर्द्धन कार्यक्रम | १२४१९० | |
| घ) समपुरक अनुदान | ४६५८२६० | | कोष खर्च | | ६१५७७५४.४३ |
| ङ) विशेष अनुदान | ० | | धरौटी फिर्ता तथा सदर स्याहा | ६१५७७५४.४३ | |
| च) रोयल्टी ढुङ्गागिट्टी विक्रि | ८५५६१९८ | | अन्य खर्च भएमा | ० | |
| छ) अन्य | | | अनुदान फिर्ता | | २१०१९४७९ |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | ९६८८६३६७.९९ | १. संघ तर्फ | २०७५७६९९.५८ | |
| क) सामाजिक सुरक्षा | ९४०३२७३२ | | क) सशर्त अनुदान | २०१४८४९५.५८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २१२९४४५.९९ | | ख) विशेष अनुदान | १८६७८ | |
| ग) विद्यालय शिक्षा क्षेत्र योजना | ६००००० | | ग) समपुरक अनुदान | ५९०५२६ | |
| घ) रोजगार प्रवर्द्धन कार्यक्रम | १२४१९० | | २. प्रदेश तर्फ | २६१७७९ | |
| ५. धरौटी आय | ५०५१०६५ | ५०५१०६५ | क) सशर्त अनुदान | २६१७७९ | |
| ६. कार्यसञ्चालन कोष आय | ३२१७५७०.०२ | ३२१७५७०.०२ | ख) विशेष अनुदान | ० | |
| ७. अन्य कोषको आय | | | ग) समपुरक अनुदान | ० | |
| | | | अन्तिम मौज्दात | | ३१५१३३४३.७५ |
| | | | १. संचित कोषको मौज्दात | ७७९५०८७.४७ | |
| | | | २. धरौटी | १०२४५०७६.२४ | |
| | | | ३. कार्यसञ्चालनकोष | १२२५३६२०.०४ | |
| | | | ४. अन्यकोष | १२१९५६० | |
| जम्मा | ५२६८२५५५१.१४ | ५२६८२५५५१.१४ | जम्मा | ५२६८२५५५१.१४ | ५२६८२५५५१.१४ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तिय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९४०३२७३२, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु. २१२९४४५.९९, विद्यालय शिक्षा क्षेत्र योजना रु. ६००००० र रोजगार प्रवर्द्धन कार्यक्रम रु. १२४१९० समेत कुल रु. ९६८८६३६७.९९ एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **फरक जिम्मेवारीः**

पालिकाले सुत्र प्रणालीबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्ष गत वर्षको जिम्मेवारी रु. ४१९०००० र अन्तिम मौज्दातमा रु.२२५००८३.३ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी(म.ले.प.फा.नं. २७०) पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गत वर्षको जिम्मेवारी** | **यस वर्षको अन्तिमको बैंक मौज्दात** |
|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३५१९८४७६.३४ | २९२६३२६०.४१ |
| एकीकृत आर्थिक विवरण अनुसार | ३९३८८४७६.३४ | ३१५१३३४३.७५ |
| फरक | ४१९०००० | २२५००८३.३४ |

५ **बैंक हिसाब विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन र निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ:

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ५७२४७५२.१७ | ७७९५०८७.४७ | २०७०३३५.३ |
| चालु खर्च खाता | ० | ० | |
| पुँजीगत खर्च खाता | ० | ० | |
| विविध खर्च खाता | ३४१४१५.०४ | ३४१४१५.०४ | |
| विपद व्यवस्थापन खाता | ४०८१४३३ | ४०८१४३३ | |
| स्थानीय विभाज्य कोष | १२१९५६० | १२१९५६० | |
| स्थानिय तह विविध कोष खाता | ७८३०७७२ | ७८३०७७२ | |
| धरौटी मौज्दात | १०२४५०७६.२४ | १०२४५०७६.२४ | |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | |
| बैङ्क मौज्दात | २९४४३००८.४५ | ३१५१३३४३.७५ | २०७०३३५.३ |

माथि उल्लेख भए बमोजिम स्थानीय तह सञ्चित कोष खातामा स्रेस्ता अनुसार रु.५७ लाख २४ हजार मौज्दात देखाएकोमा बैंक स्टेटमेण्ट अनुसार रु.७७ लाख ९५ हजार मौज्दात रहेको पाईयो ।तसर्थ स्रेस्तामा भन्दा बैंक स्टेटमेण्ट अनुसार रु.२० लाख ७० हजार बढी मौज्दात देखाएकोले पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

६ **बजेट पेश पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।३।१० मा रु.४३ करोड ३२ लाख १८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१७ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८१।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

| विवरण | मिति | कूल बजेट | रकम |
|---|---|---|---|
| बजेट पेश | २०८१।३।१० | आय अनुमोदन | ४३३२१८००० |
| बजेट स्वीकृत | २०८१।३।१७ | व्यय अनुमान | ४३३२१८००० |
| प्रमुख प्रशासनिक अधिकृतलाई अख्तियारी | २०८१।३।३१ | व्यय मध्ये अवण्डा | ० |

## ७ आन्तरिक आयको तुलनाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।पालिकाले विगत २ आर्थिक वर्ष र आ.व २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम रहेको छः-

| आ.व. | केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आयको तुलनात्मक प्रतिशत |
|---|---|---|---|
| २०७९।८० | ४३०७८००२५ | १६९३६९८४ | ३.९३ |
| २०८०।८१ | ३२९२३६७३४ | १५५०३३०९ | ४.७० |
| २०८१।८२ | ३४१००२९६९ | १०२१७८८६ | २.९९ |

## ८ क्षेत्रगत बजेटः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

(रु हजारमा)

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४२३६१ | ३१०१९ | ७३.४१ |
| २ | पूर्वाधार विकास | १०३६७४ | ८६६११ | ८३.५४ |
| ३ | सामाजिक विकास | १८८१२४ | १६५४४१ | ८७.९४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १६२३६ | १३९१६ | ८५.७१ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | ८२८२३ | ७३९१८ | ८९.२४ |
| | **जम्मा** | **४३३२१८** | **३७०९०५** | **८५.६२** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा सबैभन्दा बढी ८९.२४ प्रतिशत र आर्थिक विकासमा क्षेत्रमा सबै भन्दा घटी ७३.४१ प्रतिशत रहेको छ ।तसर्थ पालिकाले प्रभावकारी रुपमा स्रोतको परिचालन गरि आर्थीक विकासमा जोड दिनु पर्ने देखिन्छ।

## ९ योजनाको प्राथमिकिकरणः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२मा निम्नानुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल २९० योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | ५लाख देखि २० लाखसम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ८५ | १७ | ३० | ३८ |
| २ | वडा स्तरीय | २०५ | ३ | २० | १८२ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिको खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २६५ योजनामात्र कार्यान्वयन भई २५ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।

१० **खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक स्रोतबाट रु. २ करोड ३३ लाख ५१ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. ३५करोड ३३ लाख ८७ हजार समेत रु ३७ करोड ६७ लाख ३८ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २४ करोड ४३ लाख ४१ हजार र पूँजिगत तर्फ रु. १२ करोड ६६ लाख ४४ हजार समेत रु. ३७ करोड ०९ लाख ८५ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक स्रोतको हिस्सा ६.२९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ७६ लाख २३ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३२.६४ प्रतिशत रहेको छ ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६२.८७ प्रतिशत चालु र ३७.१३ प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिन्छ ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

११ **लक्ष्य प्रगतीः**

पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरेको नदेखिएकोले तोकिएको ढाँचामा प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।

| कार्यक्रम/ योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५ भन्दा माथि |
| कार्यक्रम संख्या | २९० | ११ | १५ | ८ | ११ | २४५ |

शुन्य प्रगति र कम प्रगति भएका योजनाहरुमा लागत अनुमान यथार्थपरक नहुनु,योजना छनोट आवश्यक्ताका आधारमा नहुनु, समयमा खरिद योजना तयार नहुनु, पुर्व तयारि विना आयोजना कार्यान्वयनमा लैजानु ,निर्माण व्यावसायीबाट भएको ढिलाई,जग्गा विवाद लागायतको कारण जनाएता पनि कार्यान्वयन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ । साथै वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२ **त्रैमासिक खर्चः**

पालिकाको लागि स्विकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने बजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा पालिकाले कुल पुँजीगत खर्चको तुलनामा प्रथम त्रैमासिकमा शुन्य प्रतिशत र दोस्रो त्रैमासिकमा ६.४७ प्रतिशत, तेस्रो त्रैमासिकमा १४.८९ र चौथो त्रैमासिकमा ७८.६३ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ४४.३० प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ ।

(रु.हजारमा)

| क.स. | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | पूँजिगत खर्चतर्फ | १२६६४४ | ० | ८१९८ | १८८६० | ९९५८६ | ५६१०४ |
| २ | प्रतिशत | ८०.०९ | ० | ६.४७ | १४.८९ | ७८.६३ | ४४.३० |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ७८.६३ प्रतिशत तथा आषाढ महिनामा ४४.३० प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले पालिकाले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

## १३ रकमान्तरः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत सभाको निर्णयबाट रु.१ करोड ७४ लाख ८५ हजार मिति २०८१।१२।१७ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ४.०३ प्रतिशत हुन्छ। रकमान्तर गरेको रकम मध्ये ५ योजनामा ३० लाख खर्च हुन नसकेको पालिकाले जनाएको छ ।

## १४ राजश्व असुलीः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आ.ब २०८१/०८२ को आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.८५ लाख ९६ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा रु.१ करोड २ लाख १७ हजार अर्थात अनुमानको तुलनामा १८.८५ प्रतिशत बढी आय प्राप्त गरेको छ । त्यस्तै आ.ब २०८०/०८१ मा आन्तरिक आय रु.९२ लाख ७१ हजार र आ.व ०७९।०८० मा ९२ लाख ८२ हजार प्राप्त भएको पाईयो ।यस पालिकको साधारण तथा प्रशासनिक खर्च बृद्धि हुँदै गएको अवस्थामा राजस्व असुलिमा भने बिगतका तुलनामा बृद्धि भएको पाईएन । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | प्राप्तिकोश्रोत | २०८१/८२ को वार्षिक अनुमानित आय | २०८१/८२ को आम्दानी | ८० /८१ को प्राप्ती | ७९ /८० को प्राप्ती |
|---|---|---|---|---|---|
| १ | सम्पती कर | १,००,०००.०० | २६,१५७.१३ | २१३१.४ | ० |
| २ | भुमिकर/ मालपोत | २१,००,०००.०० | १८,९०,८९४.१२ | २०,०६,८०८.१७ | २०७३३९०.५१ |
| ३ | वहाल कर | ३,००,०००.०० | ६,७९,४१५.६४ | ७,७२,३३३.०९ | २,०६,८७०.०० |
| ४ | वहालविटौरी कर | १००.०० | ५२,७३५.०० | ०.०० | |
| ५ | सवारी साधन कर (साना सवारी) | १००.०० | ३,२००.०० | ५,७००.०० | |
| ६ | अन्यमनोरञ्जन कर | ०.०० | २,०२,५००.०० | १,७६,००१.०० | |
| ७ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १,१००.०० | ०.०० | २,१००.०० | |
| ८ | अखेटोपहारमालाग्ने कर | ३०,०००.०० | ०.०० | ०.०० | |
| ९ | अन्य कर | ५०,०००.०० | १४,४००.०० | ३७,४५०.०० | |
| १० | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५०,०००.०० | ३८,५४०.०० | | |
| ११ | १४१९१ -पर्यटन शुल्क | ३,००,०००.०० | १३,१४,९१७.०० | २८५१५१ | ३,२२,५७७.५० |
| १२ | सरकारीसम्पतीको बिक्रीबाट प्राप्त रकम | ०.०० | ६,७००.०० | ७७०० | |
| १३ | निजी धारा वापतको शुल्क | १००.०० | १,७००.०० | १००० | |
| १४ | विद्युतसेवा शुल्क | ३६,६००.०० | ३६,१५०.०० | ३७१०० | |
| १५ | अन्य सेवाशुल्क तथा बिक्री | २,४०,०००.०० | १,९१,४७२.०० | २०९०२० | |
| १६ | न्यायिकदस्तूर | ३,०००.०० | ३,८००.०० | ३४०० | |
| १७ | शिक्षाक्षेत्रको आम्दानी | १०,०००.०० | २७,५००.०० | ० | |
| १८ | परीक्षाशुल्क | १०,०००.०० | १६,२००.०० | ७०० | |
| १९ | अन्यप्रशासनिक सेवा शुल्क | ३,००,०००.०० | १,४९,७२५.०० | ६९२०० | |
| २० | पार्किङ्गशुल्क | २,००,०००.०० | ०.०० | ० | |
| २१ | नक्सापास दस्तुर | १,५०,०००.०० | २,१०,२३५.९३ | ५२९९४.९२ | २,००,०००.०० |
| २२ | सिफारिश दस्तुर | ३६,५०,०००.०० | ३०,९९,८३६.०० | ३३०३६४७.७ | ३९,५१,३७६.४७ |
| २३ | व्यक्तिगतघटना दर्ता दस्तुर | २,७५,०००.०० | ६,७९,२००.०० | २,९७,१००.०० | |
| २४ | नाताप्रमाणित दस्तुर | १,९०,०००.०० | १,८५,५७५.०० | १,९२,४२५.०० | |
| २५ | अन्यदस्तुर | १,००,०००.०० | ४,३१,७५०.०० | १२,११,९७५.५९ | ९५८१९३.४ |
| २६ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ०.०० | १,६९,६६०.०० | ११,६००.०० | |
| २७ | विद्युत सम्बन्धी दस्तुर | ०.०० | ४,५००.०० | ३३,५००.०० | |
| २८ | अन्यक्षेत्रको आय | ०.०० | २३,६००.०० | ० | |
| २९ | न्यायिकदण्ड, जरिवाना र जफत | ०.०० | ४०,०००.०० | २०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | प्रशासनिकदण्ड, जरिवाना र जफत | २,२०,०००.०० | ४,२०,९१०.०० | १,८०,०००.०० | १४७५९०६.७६ |
| ३१ | अन्यराजस्व | ८०,०००.०० | १,३००.०० | १,०२,३५८.१८ | |
| ३२ | व्यवसाय कर | २,००,०००.०० | ८८,९५०.०० | १,७०,३५०.०० | ९३७२४.५ |
| ३३ | बैंकमौज्दात | ०.०० | २,०६,३६४.०४ | | |
| जम्मा | | ८५,९६,०००.०० | १,०२,१७,८८६.८६ | ९२७१७४६.०५ | ९२८२०३९ |

यस पालिकको पछिल्लो दुई आर्थिक वर्षमा राजश्वमा वृद्धि भएको देखिएता पनि यस वर्ष विज्ञापन कर, पार्किङ्ग शुल्क,अखेटो पहार शुल्क, मनोरञ्जन शुल्क असूल हुने गरेको देखिएन। राजश्वको क्षेत्र तथा दायरा थप फराकिलो र अनुमानयोग्य बनाउनुपर्ने देखिन्छ ।

१५ **जिन्सी व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१६ **कार्यक्रम कार्यान्वयनः**

पालिकाले योजना तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमको उद्वेश्य, रणनिति तथा कार्यनिति, उक्त कार्यक्रमको औचित्य, प्रभाव र कार्यान्वयन गर्न सक्ने क्षमताको आधारमा गर्नुपर्दछ । पालिकाले स्वीकृत वार्षिक कार्यक्रमहरू तोकिएको समयमा कार्यान्वयन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको बिवरण बमोजिम बजेटमा उल्लेख भएका २५ कार्यक्रमहरुमा रु ९० लाख ३० हजार बिनियोजन भएता पनि उक्त कार्यक्रमहरु कार्यान्वयन भएको पाईएन । कार्यक्रम कार्यान्वयन नहुनुमा समयमा बजेट निकासा नभएको,दोहोरो योजना,समय अभाव,स्रोत अभाव लागायतका कारण पालिकाले जनाएको छ। स्वीकृत कार्यक्रमहरु बजेटको परिधि भित्र रही समयमै कार्यान्वयन गर्नुपर्दछ। कार्यान्वयन नभएका केहि कार्यक्रमहरु देहाय बमोजिम रहेका छन :

| क्र.सं. | कार्यन्वयन नभएका कार्यक्रम | वजेट | कैफियत |
|---|---|---|---|
| १ | बुटनिया विपि स्मृती सामुदायिक भवन निर्माण | १०००००० | |
| २ | उज्यालो आँखा कार्यक्रम | ६००००० | |
| ३ | चखौरा राउत गाउँ प्रगन्ना सिंचाई कुलो निर्माण | ४००००० | |
| ४ | वडा नं.३ को भवन निर्माण | ५४८००० | |
| ५ | कईरीगनार घाट जाने बाटोमा सिडी निर्माण | १००००० | |
| ६ | वडा नं.२का भित्रि सडक निर्माण | १८६००० | |
| ७ | लेटारमा वन्य जन्तुबाट कृषि बालिको क्षति रोकथाम | ६००००० | |
| ८ | कौवाघारी माथिल्लो टोलमा हाईड्याम निर्माण | १००००० | |
| ९ | बुटनिया भुईयारथान निर्माण योजना | १००००० | |
| १० | खैरहवा टोल सडक स्तरोन्नति | १००००० | |
| | **जम्मा** | **३७३४०००** | |

१७ **कार्यसञ्चालन तथा अन्य कोषः**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो पालिकाले यो वर्ष विपद व्यवस्थापन कोष तथा कर्मचारि कल्याण कोष जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको सहित रु. १२५३७५९८ आय र रु. २८३९७८ खर्च गरी रु.१२२५३६२० मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च

गरी खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| कोषको नाम | सुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
|---|---|---|---|---|
| विपद व्यवस्थापन कोष | ४०८१४३३ | ० | | ४०८१४३३ |
| कर्मचारी कल्याण कोष | ६६६६३७२ | ० | ० | ६६६६३७२ |
| मर्मत संभार कोष | ११६४४०० | ० | ० | ११६४४०० |
| विविध खर्च खाता | ६२५३९३ | ० | २८३९७८ | ३४१४१५ |
| जम्मा | १२५३७५९८ | ० | २८३९७८ | १२२५३६२० |

१८ **यन्त्र उपकरण सञ्चालनः**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक र मर्मत खर्च तथा सञ्चालन आय निम्नानुसार रहेको छ। उपकरण संचालनको आय विष्लेषण समेत गरेको पाइएन।पालिकामा १ एम्बुलेन्स र १ व्याक्होलोडर रहेकोमा उक्त एम्बुलेन्सको आय अध्यावधिक विवरण उपलब्ध गराएको छैन भने १ व्याकहोलोडर विगत २ वर्ष देखि संचालनमा नरहेको पालिकाले जनाएको छ । । यसरी सञ्चालन नहुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | एम्बुलेन्स | ९३००० | १८८४१३ | १६०१२३ | अध्यावधिक नभएको | |
| २ | ब्याक्हो लोडर | ० | ० | ० | ० | बिगत २ वर्ष देखि संचालनमा नरहेको |

१९ **आन्तरिक नियन्त्रणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ तथा लुम्बिनी प्रदेश आर्थीक कार्यविधि तथ वित्तीय उत्तरदायीत्व ऐन,२०८१ को दफा ३१ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रममा रु. ३४ लाख १४ हजार खर्च गरेको छ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था छ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमनको औचित्य सहित प्रतिवेदन पेश गरेर मात्र भ्रमण /अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.८ लाख १६ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेता पनि भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.१५ लाख ९५ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरे पनि यथासमयमा दाखिला गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघु उद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भर्पाई गराई वितरण गर्ने गरेको देखियो । पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन। अत: कानुनको प्रभावकारी रुपमा पालना गरि आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२० **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३८ वटा ऐन, ५६ नियमावली / कार्यविधि/ निर्देशिका,अन्य ६ वटा गरि १०० वटा कानून निर्माण गरि राजपत्रमा प्रकाशन गरेको अभिलेखबाट देखिएता पनि कुल ५ वटा कानूनहरु कार्यान्वयन नभएको पालिकाले जनाएको छ। तसर्थ निर्मित कानूनहरु आवश्यक्ताको आधारमा कार्यान्वयन गर्दै जानुपर्दछ ।

| सि.न. | कानुन | संख्या | कैफियत |
|---|---|---|---|
| १ | ऐन | ३८ | |
| २ | नियमावलि/ निर्देशिका/ मापदण्ड | ५६ | |
| ३ | अन्य | ६ | |
| जम्मा | | १०० | |

२१ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष देहाय अनुसार ३५ विवाद दर्ता भएकोमा ९ फर्स्यौट भई २६ बाँकी रहेको विवरण पालिकाले उपलब्ध गराएको छ।

| उजुरीको प्रकार | गत आ.व र यो आ.व मा थप समेत | यो आ.वमा फस्यौंट | फस्यौंट बाँकी | फस्यौंट नहुनाको कारण |
|---|---|---|---|---|
| ईज्जत आमद अनुसार खान लाउन नदिएको | २० | ५ | १५ | उपस्थित नहुनु |
| जग्गा विवाद | १५ | ४ | ११ | छलफल नहुनु |
| **जम्मा** | **३५** | **९** | **२६** | |

फस्यौंट हुन बाँकि रहेका विवादमा दुवै पक्ष उपस्थित नहुनु,म्याद तामेलि ढिला हुनु, छलफल नहुनु,उपस्थित नहुनु ,मेलमिलाप केन्द्र नहुनु, सम्झौता नहुनु जस्ता कारण पालिकाले जनाएको छ ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गर्दै न्याय सम्पादनलाई अझै प्रभावकारि बनाउनु पर्दछ।

२२ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारी संस्थाले मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२३ **कर्मचारी व्यवस्थापनः**

२३.१ **तलवी प्रतिवेदनः** लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फका २६ जना कर्मचारीको रु. १ करोड ७० लाख ९६ हजार तथा पालिका तर्फका ४३ कर्मचारीको रु.२ करोड ५९ लाख ९७ हजार गरि कुल रु.४ करोड ३० लाख ९३ हजार तलव खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा तलब तथा ग्रेड बढी भुक्तानी भए नभएको एकिन गर्न सकिएन तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२३.२ **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले विभिन्न ४३ पदमा कर्मचारीहरु करारमा राखि रु. १ करोड ५५ लाख ५९ हजार खर्च लेखेको छ ।

२३.३ पालिका करार - स्थानीय तहले माथि उल्लेखित पद बाहेकको पदमा स्वीकृत दरबन्दी बेगर कम्प्युटर अपरेटर १ जना, सि. बि. आर सहजकर्ता १ जना, र खरिदार १ जना गरी ३ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१३ लाख ३१ हजार भुक्तानी गरेको छ । दरबन्दी बाहेकको पदमा कर्मचारी राखि तलब भत्ता खर्च लेख्ने मिल्ने कानूनी आधार नदेखिएकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १३,३०,७०६ |

२३.४

गाउँपालिकाले सेवा प्रवाहको लागि सम्झौता गरेर असिस्टेण्ट सब इन्जिनियर राम बहादुर के.सी. लाई मिति २०८१।०५।१७ देखि हाजिरी गराएकोमा भौ.भौ. नं १३-२०८१।०५।३१ बाट राम बहादुर के. सी. लाई पुरा महिनाको तलब रु. ३२२४२ भुक्तानी भएको देखियो।हाजिरी भएको दिन भन्दा बढी भुक्तान भएको तलब सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,७३० |

२४ **सेवा प्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउने तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यावन्यनमा ल्याउन सक्ने ब्यवस्था गरेको छ।पालिकाले आ.ब. २०८१।८२ मा प्रवाह गरेको वडा गत विवरण निम्नानुसार रहेको छ:-

| वडा नं. | जन्मदर्ता | मृत्युदर्ता | सम्बन्ध विच्छेद | विवाहदर्ता | बसाई सरी आएको | बसाई सरी गएको |
|---|---|---|---|---|---|---|
| १ | ३४ | ७ | १ | ६ | ५ | १ |
| २ | ३३ | ७ | १ | ९ | १० | १२ |
| ३ | २७ | १३ | ५ | २३ | १६ | ५ |
| ४ | ३० | ११ | १ | ७ | ८ | १३ |
| ५ | ४३ | २३ | १ | २२ | १७ | १९ |
| ६ | ४४ | २२ | २ | १५ | १७ | १२ |
| ७ | ५५ | २२ | २ | १९ | २० | २१ |
| **जम्मा** | **२६६** | **१०५** | **१३** | **१०१** | **९३** | **८३** |

२५ **आय ठेक्का व्यवस्थापनः**

२५.१ ढुंगा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ अनुसार स्थानीय तहहरुलाई ढुंगा, गिट्टी, बालुवा जस्ता सामाग्रीको अनियन्त्रित दोहनलाई निरुतसाहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट उठ्ने राजश्व संकलन व्यवस्थित रुपमा गर्ने उल्लेख छ ।त्यसै गरी लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ कार्यान्वय सम्बन्धमा परिपत्रमा समेत वातावरणीय अध्ययन गर्ने, कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्दी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएको छ। पालिकाले गाउँपालिकाको क्षेत्राधिकार भित्र बग्ने नदी तथा खोलाबाट दिगो र वातावरण मैत्री रुपले नदी जन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा संकलन कार्य लागि प्रारम्भि वातावरणीय परीक्षण(IEE) गरेकोमा आर्थिक बर्ष ०८१। ८२ देखि ०८२।८३ सम्म १० वटा घाटबाट ३४४३३ घनमिटर उत्खनन गर्न सकिने प्रतिवेदन दिएको छ । ढुंगा, गिट्टी, बालुवा उत्खनन गर्न पहिलो पटक २०८१।९।५ मा सुचना प्रकाशन गरेकोमा पातुखोला र बबई दोभान घाटको उत्खननको लागि मात्र फर्म दर्ता गरेकोमा पालिकाले पुन दोस्रो, तेस्रो पटक सुचना प्रकाशन गरेकोमा ५ वटा घाटको मात्र उत्खनन गर्नको लागि सम्झौता भएकोमा देखियको व्यहोराहरु निम्नानुसार रहेक छन :

| संकलन उत्खनन स्थल | ठेक्का. न. | उत्खनन परिमाण | कबोल रकम | दाखिला रकम |
|---|---|---|---|---|
| पातुखोला र बबई दोभान | ८।०८१।८२ | ८०१६ घनमीटर | ३१३०००० | ३१३०००० |
| बबइ र चिरघाटको दोभान | SQ३।०८१।८२ | २५०० घनमीटर | ७०७००० | ७०७००० |
| सिम्थाना बबई घाट २ | SQ६।०८१।८२ | २५०० घनमिटर | २०००००० | १२६०००० |
| थपगाउँ क्षेत्र | SQ ७।०८१।८२ | २००० घनमीटर | ९५०००० | ९५०००० |
| सलौरा पातुखोला घाट | SQ ९।०८१।८२ | ५००० घनमीटर | १४३०००० | १४३०००० |
| जम्मा | | | | ७४७७००० |

२५.२ मापदण्ड पालना: ढुंगा, गिट्टी, बालुवा, उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ अनुसार दैनिक उत्खनन अभिलेख तथा दैनिक पटके बिक्री तथा ढुवानीको अभिलेख व्यवस्थीत रुपमा राखेको पाइएन । पातुखोला र बबई दोभान घाटको लागि रसिद नं. १ देखी १००० सम्म २० वटा ठेली पालिकाबाट बुझिलिएकोमा प्रयोग भएका निकासी ठेली र बाँकी रहेका ठेलीको बिवरण सहित पालिकामा वुझाएको छैन भने अन्य घाटको लागि के कति ठेली पालिकाबाट बुझी लिएको हो सोको बिवरण सहित रसिद नियन्त्रण खाता राखेको छैन ।ढुङ्गा, गिट्टी, बालुवा उत्खननको लागि पालिकाबाट वुझेको र फिर्ता गरेको रसिदको अभिलेख राखेको छैन । अनुगमन समिति तथा गाउँपालिकाबाट अनुगमन समेत नभएकोले ढुंगा, गिट्टी,बालुवा उत्खनन कार्य तोकिएको परिमाण भित्र नै भएको तथा स्रोत दोहन नभएको भन्न सकिने अवस्था देखिएन।अत : उत्खनन विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को अनुसूचीमा उल्लेख गरेको प्रक्रिया अवलम्बन गरी प्रभावकारी रुपमा अनुगमन गर्नुपर्दछ ।

२५.३ सिम्थाना बबई घाट २( ठे.न. ६।०८१।८२) : पालिकाले यस घाटमा ३७७६ घनमीटर उत्खननको लागि सम्वृद्धि कन्सट्रक्सन प्रा.लि.सँग रु.२०लाखको मिति २०८१।१०।९मा सम्झौता भएको पाईयो ।उक्त प्रा.लीले कबोल अंकको भ्याट सहित पहिलो किस्ता बापत रु १२लाख ६० हजार सम्झौताको बखत दाखिला गरेको देखिन्छ । स्थानीयबासिले निकासी गर्ने बाटोमा अवरोध गरेको कारण ढुङ्गा, गिट्टी उत्खनन गर्न नदिएको भनि निर्माण व्यावसायीले ठेक्का रकम फिर्ताको लागि २०८१।१०।२७ मा पालिकामा निवेदन दर्ता गराई उच्च अदालत तुलसीपुरमा समेत मुद्धा दर्ता गरेको पाईयो।पालिकाबाट ढुङ्गा गिट्टी निकासीको लागि स्थानीयबाट भएको अवरोधलाई हटाउन नसक्दा उक्त ठेक्काबाट प्राप्त हुने रु २० लाख प्राप्त हुन नसकेको भनाई पालिकाको रहेको छ ।अतः पूर्ण रुपमा रकम सञ्चित कोषमा दाखिला हुने गरी आय ठेक्का व्यवस्थापन हुनु पर्दछ।

## २६ **खर्च वृद्धिः**

२६.१ तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा समग्रमा गत आर्थिक वर्षहरुको तुलनामा यस आर्थिक बर्षमा प्रशासनिक खर्च रकम वृद्धि भएको देखिन्छ । पालिकाले कर्मचारी संख्यामा भएको वृद्धि,बैठहरुमा वृद्धि लगायतका कारणले वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

| सि.नं. | खर्च शिर्षक | आ.व.२०७९।८० को खर्च | आ.व.२०८०।८१ को खर्च | आ.व.२०८१।८२ को खर्च |
|---|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | १३०२८०२६ | १४७७४६९७ | १५५५९१०७ |
| २ | वैंठक भत्ता | ८४२४७० | १३४८८०४ | १५१५३९० |
| ३ | बिविध | १२२५०५७ | १४४५७७९ | १५९५१२० |
| ४ | इन्धन | १९९९४०१ | २३६५०९७ | २१७८००० |
| ५ | मसलन्द | १३०८१५६ | १७३३२२३ | १६१५००० |
| जम्मा | | १८४०३११० | २१६६७६०० | २२३३४६१७ |

२६.२ ईन्धन खर्चः सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकाले ईन्धनमा यस वर्ष मापदण्ड तयार नगरी ईन्धनमा रु.२१ लाख ७८ हजार खर्च गरेको छ ।यस्ता खर्च नियन्त्रण गर्नु पर्दछ ।

| सि.नं. | सवारी साधन | संख्या | ईन्धन लि | खर्च |
|---|---|---|---|---|
| १ | पिक अप भ्यान | १ | ३५०२ | ५५६११८ |
| २ | मोटरसाईकल | ३० | ४२८१ | ६८४९६० |
| ३ | स्कुटर | १० | १२२७ | १९६३२० |
| ४ | ब्याकु लोडर | १ | ० | ० |
| ५ | स्करपियो | १ | ४२६० | ६७७३४० |
| ६ | अन्य सवारी | १ | ३९५ | ६३२६५ |
| | | जम्मा | १३६६५ | २१७८००० |

२६.३ विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस वर्ष विविध, अतिथि सत्कार तथा सभा संचालन तर्फ गरि निम्नानुसार जम्मा १५ लाख ९५ हजार खर्च गरेको छ। आन्तरिक आय रु १ करोड २ लाख २ हजार रहेकोमा उक्त विविध खर्च आन्तरिक आयको तुलनामा १५.६४ प्रतिशत हुन आउँछ । यस्तो खर्च नियन्त्रण गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

| क्र.स | खर्च शिर्षक | खर्च रु |
|---|---|---|
| १ | पालिका तर्फ विविध खर्च | १३६३७२० |
| २ | सभा संचालन खर्च | २३१४०० |
| | जम्मा | १५९५१२० |

## २७ आर्थिक सहायताः

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ३ संघसंस्था र ३० व्यक्तिहरुको लागि रु. ७ लाख ९५ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| सि.न | आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति | रकम | कैफियत |
|---|---|---|---|
| १ | ३० व्यक्ति | ७३०५१० | |
| २ | गाउँपालिका महासंघ | ३०००० | |
| ३ | किसान संघ | १०००० | |
| ४ | नेपाल कम्युनिष्ट पार्टि | २५००० | |
| जम्मा | | ७९५००० | |

## २८ प्रधानमन्त्री रोजगारः

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवं पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ५ वडामा २१ योजना सञ्चालन गरी यस वर्ष ३९ जनालाई औसत ८० दिनले जम्मा ३०९६ दिन रोजगारी उपलब्ध गराई रु.२०६८१२८।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी

योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

| वडा | कार्यक्रम/ योजना संचालन | ज्याला खर्च रकम | तलबमा खर्च भएको रकम | कुल खर्च रकम |
|---|---|---|---|---|
| ५ | २१ | २०६८१२८ | १४७०९३७ | ३५३९०६५ |

२९ **वितरणमुखी खर्चः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगित सृजना हुने अधिकतम प्रतिफल दिने कार्यक्रम छनोट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्नेमा वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ ।नमुना छनोटको आधारमा परिक्षण गरेकोमा देहाय बमोजिमका कार्यहरुमा वजेट विनियोजन गरी रु २०८७३९२ खर्च गरेको छ ।यस्तो खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ न | वितरणक विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ५७।०८१। ०७।०८ | नेपाल कम्युनिष्ट पार्टिलाई सहायता | २५००० | आर्थिक सहयोग |
| ७७।०८१। ०७।१२ | सचेतनामूलक तीज महोत्सव | ३५०००० | ७ वडालाई ५०००० को दरले |
| १७२।०८१। ०८।२७ | महिला स्वास्थ्य स्वयंसेविकालाई सामग्री वितरण | ५९९९२ | वडा नं १ ले ६ जना स्वयंसेविकालाई स्टिल दराज झोला तथा छाता वितरण |
| ३२३।०८१। ११।०६ | माघि विशेष कार्यक्रम | ९६८१२ | थारु लेडंगा भ्याली सप्की खैजडी र डम्फुवाला खैजडी |
| ३५९।०८१। ११।२० | खुब बहादुर खडका समाज विकास समिति | १००००० | आर्थिक सहयोग |
| ३८२।०८१। ११।२८ | भुईँयार थान पुजा व्यवस्थापन | ६०००० | आर्थिक सहयोग |
| ३९८।०८१। १२।०६ | जेष्ठ नागरिक र अपाङ्गलाई स्वर्गद्वारी तिर्थयात्रा र सम्मान कार्यक्रम | १००००० | ४५ जनालाई प्युठान स्वर्गद्वारी र रोल्पा भ्रमण |
| ५०२।०८१। ०१।१६ | विपन्न तथा जेहेन्दार विद्यार्थिको लागि छात्रवृत्ति कार्यक्रम | ९९६६६ | स्कुल युनिफर्म ६३ सेट १४०० को दरले |
| ६२७।०८२। ०२।२१ | कृषकलाई अवलोकन भ्रमण | २२५५२२ | सुर्खेत, बाँकि, कैलाली कञ्चनपुर ३३ जना |
| ६१२।०८२। ०२।१८ | जेष्ठ नागरिक लक्षित कार्यक्रम | ७५००० | ३२ थान ब्लाङ्केट १५०० को दरले |
| ८१४।०८२। ०३।०६ | दलित लक्षित कार्यक्रम | ४४०००० | बालबालिकालाई कापी कलम ज्यामेट्रि बक्स ब्लाङ्केट वितरण |
| ४१४-२०८१। १२।१२ | पतञ्जली योग साधना केन्द्रलाई | १०८४८ | स्फिकर खरिद तथा हस्तान्तरण |
| ८३६-२०८२। ०३।१८ | श्री गाउँ ॐ शान्ति साधना केन्द्र | २००००० | भवन निर्माण |
| ७६५-२०८२। ०३।१३ | बाँका मन्दिर | ५८३५० | सांस्कृतिक सामग्री वितरण |
| ९६०-२०८२। ०३।२५ | सरुवा डाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समिति | ८६२०२ | विपन्न तगा गरिब परिवारको लागि निशुल्क धारा जडान |
| ७१४-२०८२। ०३।०६ | मानव सेवा आश्रम तुलसीपुरलाई अनुदान | १००००० | खाद्यान्न खरिद र कागजात पेश |
| जम्मा | | २०८७३९२ | |

३० **बढी भत्ता भुक्तानीः**

लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा ४(ख) बमोजिम स्पष्ट विषयबस्तु र कार्ययोजना बिनाको बैठकमा भत्ता प्रदान गर्नु हुदैन, साथै दफा ४(ग) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बैठकमा भत्ता प्रदान गर्न पाईने छैन भनी उल्लेख छ।साथै ४(ङ) बमोजिम बैठकको लागि विशेषज्ञ सेवा आवश्यक पर्ने भएमा विज्ञ, सहायक कर्मचारी र सहयोगी कर्मचारी सहित बढीमा तीन जना

सम्मलाई आमन्त्रित गरी बैठकमा सहभागी गराउन सकिने उल्लेख छ। पालिकाले तपसील बमोजि तीन भन्दा बढी व्यक्तिलाई आमन्त्रित सदस्य राखी बैठक भत्ता खर्च लेखेको छ।भत्ता लिने उद्देश्यले कानून बमोजिम राख्न पाउने आमन्त्रित सदस्य भन्दा बढी संख्यामा सदस्य राखेको देखिएकोले, यस्ता कार्यहरुमा पालिकाले आफै निक्यौल गरी यकिन गर्नु पर्दछ।लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा देहाय बमोजिम बढी भत्ता भुक्तानी भएको देखिएकोले उक्त बढी रकम सम्बन्धित पदाधिकारीबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| **गो भौ नं /मिति** | **पदाधिकारीको नाम** | **बैठक संख्या** | **खुद भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ३४१-२०८१। ११।१३ | प्रमोद आचार्य | ४ | १७०० | आमन्त्रित सदस्य बढी राखी कार्यपालिका बैठकको भत्ता रकम भुक्तानी |
| **जम्मा** | | | **१७००** | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०० |

३१ **बिल भर्पाई नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले आषिश वि सी लाई विना प्रमाण गो.भौ.नं. १०५-२०८१।०७।२८ मा दैनिक भ्रमण भत्ता वापत रु. ११५०० भुक्तानी गरेकोमा भ्रमण आदेश, भ्रमण विल, भ्रमण प्रतिवेदन लगायतका आवश्यक कागजात पेश नगरेकोले सो को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,५०० |

३२ **नेपाल रेडक्रस सोसाइटी उपशाखा दाङ्गलाई भुक्तानी:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम सार्वजनिक निर्माण वापत विल विजकको भुक्तानी गर्दा निर्माण कार्यको प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादन भएको आधारमा भुक्तानी गर्नुपर्ने तथा नियम १२५बमोजिम कुनै पनि निर्माण कार्यको कार्यसम्पन्न तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष नेपाल रेडक्रस सोसाईटी दाङ्गलाई भवन निर्माणका लागि गो.भौ. ३०८।०८१।११।४ बाट रु.३००००० भुक्तानि दिएको पाईयो ।उक्त रेडक्रस सोसाईटी संग २०८२।३। ५ सम्म कार्य सम्पन्न गर्ने गरि मिति २०८१।११।४ मा सम्झौता भएकोमा लेखापरिक्षण अवधि सम्म कार्यसम्पन्न पेश भएको नदेखिएकोले सम्झौता बमजिमको निर्माण कार्य भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

३३ **छोरी सम्मान कार्यक्रमः**

दँगीशरण गाउँपालिकाको छोरी सम्मान कार्यविधि,२०७९ मा दँगीशरण गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गर्ने आमा र बाबुबाट जन्म भएका दुई छोरी १८ वर्ष उमेर नपुग्दा सम्म छोरी सम्मान कार्यक्रममा सहभागी हुन पाउने र सो बापत पालिकाले प्रत्येक महिना रु. ३०० छोरीको खातामा जम्मा गरिने व्यवस्था गरेको छ। पालिकाले आ व २०७९।८० बाट कार्यक्रम शुरुवात गरेकोमा आ.व.२०८१।०८२ मा ११ लाख बजेट विनियोजन गरेकोमा १०५८४५० खर्च लेखेको छ।जुन आन्तरीक आयको १०.३६ प्रतिशत हुन आउँछ। पालिकाको आन्तरिक आय न्युन रहेकोमा यस्ता खर्चले दिर्घकालिन रुपमा आर्थीक दायित्व तथा भार बढाउने देखिएकोले उक्त खर्च रकम नियमसम्मत नदेखिएको रु.

| आ व | बजेट | खर्च |
|---|---|---|
| २०७९।०८० | ४००००० | २५०२०० |
| २०८०।०८१ | ८००००० | ६३९३०० |
| २०८१।०८२ | ११००००० | १०५८४५० |
| **जम्मा** | | १९४७९५० |

| अनियमित भएको | १०,५८,४५० |
|---|---|

### ३४ नाफामुलक संस्थालाई अनुदानः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्धेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । पालिकाले निम्न नाफामुलक संस्थालाई शेयर सदस्यको स्वामित्व हुने भवन निर्माणमा अनुदान दिन नमिल्ने हुदा उक्त खर्च नियमित नदेखिएको रु

| भौ नं र मिति | निकाय | विवरण | |
|---|---|---|---|
| १४१/ २४८ | श्री शक्ति सहकारी | घरमा रङ्गरोगन कार्य | १५३९८७ |
| जम्मा | | | **१५३९८७** |

| अनियमित भएको | १,५३,९८७ |
|---|---|

### ३५ अन्य निकाय खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ ।सोही ऐनको दफा १८ (४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालयको वा निकायको सचिलाई खर्च गर्न अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो. भौ.न. ३५।०८१।११।५ बाट प्रहरी चौकी पार्किङ्गलाई टहरा निर्माणको लागि रु ९६१३२ भुक्तानी दिएकोले अनियमित देखिएको रु

| अनियमित भएको | ९६,१३२ |
|---|---|

### ३६ विभिन्न तालिम सञ्चालनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा पालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर , आम्दानी र रोजगार बढने योजनामा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न समयमा विभिन्न किसिमका तालिमहरु सञ्चालन गरेकोमा तालिम पश्चात जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासमा तथा अभिवृद्धिमा तालिमको प्रभाव,उपयोगिता समेतको अध्ययन विश्लेषण गर्नुपर्दछ ।साथै आन्तरीक श्रोतलाई मध्यनजर गरी उल्लेखित तालिमहरु संचालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं. | तालिम कार्यक्रम | दिन | खर्च रकम |
|---|---|---|---|
| ८८०।०८२।३।२३ | महिला लक्षित सिलाई कटाई तालिम (१५जना) | ४५ | ४९६०५५ |
| ९८०।०८२।३।२९ | प्लम्बिङ्ग तालिम (१४ जना) | ३० | २००००० |
| ९८२।०८२।३।३० | विद्युत वाईरिङ्ग तालिम(७जना) | १० | २००००० |
| | | जम्मा रकम | ८९६०५५ |

३७ **विज्ञापन बोर्ड कोष कर कट्टीः**

विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले निम्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम रु १०६७७।कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन ।पालिकाले विज्ञापन नियमावलीको व्यवस्था अनुसार सुचना तथा विज्ञापन रकमको ३ प्रतिशत कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउनु पर्ने रु.

| **गो भौ न** | **सुचना प्रकाशन गर्नेको नाम** | **भुक्तानी रकम** | **३ प्रतिशत रकम** |
|---|---|---|---|
| ४।८१।७।२८ | आरियान मिडिया | ९४९२० | २८४७ |
| १०।०८१।९।२३ | न्युएरा मिडिया एण्ड एडभरटाइजिङ प्रा ली | ८८९८७ | २६६९ |
| १७।०८१।११।२६ | हेल्थ टुडे मिडिया प्रा ली | ७७१२३ | २३१४ |
| २।०८१।११।६ | हेल्थ टुडे मिडिया | ९४९२० | २८४७ |
| **जम्मा** | | | **१०६७७** |

| प्रमाण पेश नगरेको | १०,६७७ |
|---|---|

३८ **शिक्षक र विद्यार्थी अनुपात:**

३८.१ शिक्षा नियमावली, २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । साथै नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । नेपालको शिक्षा नियमावलीले विद्यार्थी शिक्षक अनुपात हिमालमा ४० विद्यार्थी बराबर १ शिक्षक, पहाडमा ४५ विद्यार्थी बराबर १ शिक्षक र तराई तथा उपत्यकामा ५० विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने व्यवस्था गरेको छ। यसमा सम्बन्धमा देखिएका वेहोरा निम्न छन्:-

३८.२ पालिका अन्तर्गतका १५ वटा सामुदायिक विद्यायलमा शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा प्रा.वि. तर्फ सबैभन्दा बढी अनुपात बीरेन्द्र मा.वि. हेकुलीमा १:३१ अर्थात शिक्षक संख्या ५ विद्यार्थी संख्या १५५ छ । सबैभन्दा कम अनुपात रात्री आ.वि. बैबाङमा १:७ अर्थात शिक्षक संख्या ३ र विद्यार्थी संख्या २१ रहेको छ। नि.मा. वि. तर्फ सबैभन्दा बढी अनुपात बीरेन्द्र मा.वि. हेकुलीमा १:२७ अर्थात शिक्षक संख्या ६ र विद्यार्थी संख्या १६० रहेको छ। सबैभन्दा कम अनुपात आ.वि. बाँकीमा १:१० अर्थात शिक्षक संख्या ३ र विद्यार्थी संख्या ३० रहेको छ र मा. वि. तर्फ सबैभन्दा बढी अनुपात विरेन्द्र मा.वि.हेकुलीमा १:३३ अर्थात शिक्षक संख्या ६ र विद्यार्थी संख्या १९९ रहेको छ र सबैभन्दा कम अनुपात सिद्धपृथ्वीजनता मा.वि. श्रीगाउँमा १:१९ अर्थात शिक्षक संख्या ७ र विद्यार्थी संख्या १३४ रहेको देखिन्छ । यसरी शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन विद्यालयमा दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ।

३८.३ पालिका अन्तर्गतका विद्यालयमा निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट सो भन्दा बढी हुने गरी ६ ओटा विद्यालयमा थप ७ शिक्षक व्यवस्था गरी रु २१३८५०० थप तलब भत्ता भुक्तानी भएको छ।अत: अनुपात मिल्ने गरि आवश्यकताको आधारमा मात्र शिक्षक नियुक्ति गर्नुपर्दछ।

| क्र सं | विद्यालयको तह | विद्यालय | कुल विद्यार्थी संख्या | कुल शिक्षक संख्या | शिक्षक विद्यार्थी | वढी | वढी |
|---|---|---|---|---|---|---|---|
| | | | | | अनुपात | शिक्षक संख्या | शिक्षकको तलब |
| नि मा वि तर्फ | | | | | | | |
| १ | | आवि बाँकी | ३० | ३ मध्ये १ गापा | १० | १ गापा | ३०५५०० |
| २ | | मावि मधपुर | ९८ | ४ मध्ये २ गापा | २५ | १ गापा | ३०५५०० |
| ३ | | बीरेन्द्र मावि हेकुली | १६० | ६ मध्ये १ गापा | २७ | १ गापा | ३०५५०० |
| ४ | | सरस्वती आवि | २० | ३ मध्ये २ गापा | ७ | २ गापा | ६११००० |
| ५ | | लक्ष्मीनारायण आवि | ६७ | ३ मध्ये २ गापा | २२ | १ गापा | ३०५५०० |
| ६ | | भानु मावि | ७४ | ४ मध्ये १ गापा | १९ | १ गापा | ३०५५०० |
| **जम्मा** | | | | | | | **२१३८५००** |

३९ **दिवा खाजाः**

३९.१ शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने, साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्ने व्यवस्था छ । दिवा खाजाका लागि विद्यार्थीलाई नगद रकम उपलब्ध नगराउने ब्यवस्था छ। यस पालिकाले कक्षा वालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थि दिनको रु. १५ का दरले दिवा खाजा वापत औषत १५९ दिनको १२६८ विद्यार्थीको लागि रु.३० लाख १५ हजार ३१५ अनुदान विद्यालयहरुलाई उपलब्ध गराएको छ।१५ विद्यालय मध्ये १२ विद्यालयले विद्यार्थीलाई खाजा खुवाई खर्चको विवरण र विल पेश नगरी नगदै उपलब्ध गराएको भर्पाई पेश गरेको छ। यसरी पालिकाले उक्त कार्यान्वियन पुस्तिका विपरित दिवा खाजाको व्यवस्थापन नगरी अनियमित रुपमा नगदै उपलव्ध गराएको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २२,७३,१४५ |

३९.२ दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयको प्रध्यानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकीन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने , यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्नेमा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिइएको पाइएन।साथै विद्यालयको प्रध्यानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई पेश गरेको पाइएन।

४० **निशुल्क पाठयपुस्तकः**

४०.१ शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को क्रियकलाप नं. २.४.६.२ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई भर्नासँगै उपलब्ध गराउने र विद्यालयले अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई समयमा वितरण गरे नगरेको सम्बन्धमा स्थानीय तहले संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने आदि व्यवस्था छ । यस पालिकाले यो वर्ष ऐच्छिक विषयको पाठ्यपुस्तक समेत १५ वटा विद्यालयमा जम्मा रु. १६५९६३५।- पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् :

४०.२ विद्यालयले प्राप्त अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई समयमा वितरण गरे नगरेको सम्बन्धमा पालिकाले संयन्त्र बनाई अनुगमन गरेको पाइएन। पालिकाले आर्थिक वर्ष भित्र विभिन्न चरणमा कक्षा १ देखि १२ मा निशुल्क पाठ्यपुस्तकका लागि निकासा दिएको विद्यार्थी संख्या र अनुदानको एकिकृत अभिलेख तयार गरी प्रमाणित गर्ने र अभिलेखीकरण गर्ने कार्य गरेको छैन। अत: आवश्यक संयन्त्र बनाई पाठ्यपुस्तक वितरणको अनुगमन गर्ने तथा अनुदानको एकिकृत अभिलेख तयार गरी प्रमाणित गर्ने र अभिलेखीकरण गर्नुपर्दछ ।

४०.३ कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ मा विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाई स्थानीय तहमा पेश गर्ने व्यवस्था छ। विद्यालहरुको भर्पाइ परीक्षण गर्दा तपशिल अनुसारका विद्यालयहरुले खरिद गरेको पुस्तक सेट भन्दा घटी सेट वितरण गरेको पाइएकोले उक्त कम वितरण गरेको सेटको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| क्र. सं. | विद्यालय | कक्षा | खरिद सेट | वितरण सेट | बाँकी सेट | दर | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | सिद्ध पृथ्वी मा.वि. | २ | १२ | ६ | ६ | ५५६।८० | ३३४१ |
| | | ४ | १० | २ | ८ | ६०२।८० | ४८२२ |
| | | ५ | १५ | १२ | ३ | ६३३।६० | १९०० |
| | | ६ | २५ | १५ | १० | ७०८।४० | ७०८४ |
| | | ७ | २९ | २६ | ३ | ७४८।०० | ७४८० |
| | | ८ | ३५ | २७ | ८ | ८८२।२० | ७०५८ |
| | | ९ | ३५ | २९ | ६ | ७७०।०० | ४६२० |
| | जम्मा | | | | | | ३६३०५ |
| २ | विरेन्द्र मा.वि. | १२ | १०० | ७० | ३० | ३८८।०० | ११६४० |
| ३ | भानु मा.वि. | ७ | ३५ | २९ | ६ | ७४८।०० | ४४८८ |
| ४ | जनता मा.वि. | १ | २५ | २० | ५ | ५२०।८० | २६०४ |
| | | २ | २५ | २० | ५ | ५५६।८० | २७८४ |
| | | ४ | ४० | ३४ | ६ | ६०२।४० | ३६१४ |
| | | ५ | ४० | ३५ | ५ | ६३३।६० | ३१६८ |
| | | ७ | ६० | ५७ | ३ | ७४८।०० | २२४४ |
| | | ८ | ६० | ५५ | ५ | ८८२।२० | ४४११ |
| | | ९ | ४० | ३७ | ३ | ७७०।०० | २३१० |
| | | १० | ३८ | ३५ | ३ | ९२४।०० | २७७२ |
| | जम्मा | | | | | | २३९०७ |
| | कुल जम्मा | | | | | | ७६३४० |

| असुल गर्नुपर्ने | ७६,३४० |
|---|---|

४१ **बढी भुक्तानीः**

४१.१

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा भएको रकम असूल गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपसिलमा उल्लेख भए बमोजिम बढी निकासा दिएको छ ।

४१.२ मा.वि. मधपुरको दस्रो त्रैमासिक निकसा रु.१३८३१९३ हुनु पर्नेमा रु.१३८९९६३ निकासा भइ रु.६७७० बढी निकसा भएको र तेस्रो त्रैमासिक निकासा दिंदा रु.१४९०९६५ निकासा दिनु पर्नेमा रु. १५४४६१९ निकासा भइ बढी रु.५३६५४ निकासा गरी जम्मा बढी निकासा रु.६०४२४ भएकोमा तेस्रो त्रैमासिक निकासा दिंदा रु.५८०९० समायोजन गरी बांकी रहेको रु.२३३४ सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३३४ |

४१.३ जनता मा. वि.को तेस्रो त्रैमासिक निकासा रु.१९६६४९१ दिनु पर्नेमा रु.२०११३९२ निकासा दिएकोले रु.४४६९० बढी निकासा दिएकोमा चौथो त्रैमासिक निकासा दिंदा रु.३५७०२ समायोजन गरी बाँकी रु.९१९९ बढी निकासा देखिएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,१९९ |

४२ **सेनिटरी प्याड खरिद:-**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको लागि पालिकाले विराट हेल्थकेयर ईन्डस्ट्रिजबाट NS Luna २९० mm १ pkt ८ प्याड प्रति प्याकेट रु. ८७.०१ मा ६५५० प्याकेट रु.५६९९१५मा खरिद गरेको छ। खरिद गरिएका प्याडहरु एकै पटक ८ विद्यालयमा हस्तान्तरण गरी बुझाएको छ। प्याडहरु विद्यालयमा एकैपटक धेरै प्याकेट हस्तान्तरण गर्दा विद्यालयले भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्न सक्ने वा नसक्ने अवस्थाको आंकलन नगरी हस्तान्तरण गरेको पाइयो । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तरमा ह्रास नआउने गरी भण्डारण क्षमता विश्लेषण गरेर मात्र प्याड खरिद तथा हस्तान्तरण गर्नु पर्दछ। साथै पालिकाले सेनिटरी प्याडको वितरण अवस्थाको अनुगमन गरेको छैन । विद्यालयले वितरण अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा नपठाउँदा प्याडको आवश्यकता अनुसार वितरण अवस्था यकिन हुन सकेन । यसर्थ पालिकाले आवश्यक अनुगमन गरी विद्यालयलाई प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ ।

४३ **नमुना बिद्यालय:**

४३.१ कार्याक्रम कार्यान्वियन कार्यविधि, २०८१।०८२ बमोजिम केन्द्रबाट छनोट भएका नमुना विद्यालयको स्विकृत गुरुयोजना अनुरुप भौतिक पूर्वाधार विकासको लागि रु.१ करोड सम्म र शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वियनका लागि कार्य सम्पादनमा आधारित अनुदान रु.६० लाख सम्म दिन सकिने व्यवस्था छ । यस वर्ष विरेन्द्र मा.वि. हेकुली लाई भौतिक पूर्वाधार विकासको लागि रु.६७ लाख ६९ हजार र शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वियनका लागि रु.४५ लाख गरि रु.१ करोड १२ लाख ६९ हजार अनुदान उपलब्ध गराएकोमा देहाय बमोजिम पाईयो ।

४३.२ **ल्याव व्यवस्थापन भवन निर्माण:-**शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को क्रियाकालाप नम्वर ११.१.२.२९८० मा केन्द्रबाट छनोट भएका विद्यायको स्वीकृत गुरुयोजना अनुसार भौतिक पुर्वाधार विकास गर्न विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयबाट स्वीकृत गूरु योजना अनुसारको वार्षिक कार्ययोजना र यस आर्थिक वर्षमा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्न लगाई स्वीकृत गरी विद्यालय संग निर्माण कार्यको सम्झौता गरी

नियमानुसार खर्च गर्ने गरी विद्यालयलाई निकासा दिने व्यवस्था छ ।पालिकाले स्विकृत गुरु योजना अनुसार नमुना विद्यालय विरेन्द्र माध्यामिक विद्यालयको भौतिक पुर्वाधार विकास तथा प्राविधिकधार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ संचालन गर्ने विद्यालयलाई ल्याव व्यवस्थापन अनुदान कक्षा (११-१२) मा विज्ञान विषय संचालन गर्नको लागि ल्याव व्यवस्थापन भवन निर्माणको लागि रु ६७६९६६६।अनुदान दिएकोमा उक्त रकम विद्यालयले बैकलाई पत्र लेखी अनुदान रकम रोक्का राखेको छ । विद्यायलयले ल्याव भवन निर्माणको लागि निर्माण व्यवसायी जालीरुमा हार्डवयर एण्ड कन्स्ट्रक्सन प्रा. लि. संग मिति २०८१ फागुन २३ गते सम्झौता गरेको छ ।निर्माण व्यवसायीले सम्झौता अनुसार पहिलो रनिङ विलबाट रु १८८५८४७।को निर्माण कार्य सम्पन्न गरी रु ४८८३८१९।को सम्झौता अनुसार निर्माण कार्य गर्न बांकी रहेकोले उक्त निर्माण कार्यको फोटो,विलभर्पाई सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ४८,८३,८१९ |
|---|---|

४३.३ **विज्ञान प्रयोगशाला निर्माण र व्यवस्थापन:**-कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१३(९.७) मा यस आ.व.मा गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालय वीच सम्झौता गरी शैक्षिक सत्र २०81 को शैक्षिक तथ्यांकमा विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय रु. ३० लाख ,१००१ देखि २५०० सम्म भए रु. ४५ लाख , २५०० भन्दा बढी भए रु. ६० लाख अनुदान उपलब्ध गराउने व्यवस्था छ। उक्त रकम विद्यालयको गुरुयोजना अनुसार खर्च गर्नु पर्ने , विद्यालयले सम्झौता अनुरुप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। अनुदानको लागि तोकिएको विद्यार्थी संख्या हुनु पर्नेमा पालिकाबाट प्राप्त विवरण अनुसार शैक्षिक सत्र २०८१।८२ मा विरेन्द्र मा.वि. हेकुलीमा जम्मा ७४७ जना विद्यार्थी देखाएकोमा पालिकाले उक्त विद्यालयलाई गुणस्तर अभिबृद्धि कार्यक्रमको लागि गो.भौ. नं. ७६-२०८१।११।२० बाट रु. ७५०००० र गो.भौ. नं. २३०-२०८२।३।२४ अर्थात वर्षको अन्त्यमा विज्ञान प्रयोगशाला निर्माण र व्यवस्थापनको लागि रु. ३७५०००० गरी रु ४५००००० लाख विरेन्द्र मा.वि. लाई अनुदान उपलब्ध गराएको छ। गुणस्तर अभिबृद्धि कार्यक्रमको लागि उपलब्ध गराएको रकमको बिल भरपाइ पेश गरेको छ। साथै विज्ञान प्रयोगशाला निर्माण र व्यवस्थापनको लागि रु. ३७५०००० निकासा दिएको रकम २०८२।३। २५ मा रोक्काराख्न कुमारी बैंकलाई लेखी पठाएको छ। उक्त रोक्का रकम मध्ये बाँकी रु.१५९०००० को लेखापरीक्षण अवधि सम्म पनि बिलभर्पाई र कार्यसम्पन्न प्रतिबेदन पेश गरी फुकुवा गरेको छैन।यसरी कार्यविधि विपरित अनियमित रुपमा उपलब्ध गराएको अनुदान रकमको सम्झौता र कार्ययोजना अनुसार कार्य भए नभएको पालिकाले अनुगमन गरी खर्च भएको विल भर्पाई तथा खर्चको फाँटवारी र कार्य सम्पन्न प्रतिवेदन सहित नियमित गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १५,९०,००० |
|---|---|

४४ **उकृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदान:**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को २.३.९ क्रियाकलाप नं. २.७.१३.१३(९.२) अनुसार स्थानीय तहले शैक्षक व्यवस्थापकीय सुधार सुशासनमा उत्कृष्ट कार्य गरेका सामाजिक परीक्षण मापडण्ड, २०७८ ले तोकेको विधि ,पद्दती र प्रकृया बमोजिम उच्च अंक प्राप्त गर्ने प्रथम र द्बितीय हुने विद्यालयलाई क्रमशः ३ लाख र २ लाख निकासा गर्ने र विद्यालय छनोट गर्दा आधारभूतर्फ १०० र माध्यमिकतर्फ २०० विद्यार्थि भएका विद्यालय मध्येबाट छनोट गर्ने व्यवस्था छ। तर पालिकाले सामाजिक परीक्षण मापडण्ड, २०७८ ले तोकेको विधि ,पद्दती र प्रकृया बमोजिम मूल्याङ्कन नगरी तथा विद्यालयबाट प्रस्ताव नलिई जनता मा.विलाई रु .३००००० र भानु मा.वि. लाई रु.२००००० गरी जम्मा रु.५००००० अनुदान उपलब्ध गराएको छ।पालिकाले अनुदान उपयोगको अवस्थाका सम्बन्धमा अनुगमन समेत गरेको छैन। अत: विद्यालयलको मूल्याङ्कन नगरी तथा विद्यालयबाट प्रस्ताव नलिई अनुदान उपलब्ध गराएको तथा विद्यालयले प्राप्त अनुदानबाट विद्यालयको आवस्यकताको आधारमा शैक्षिक तथा व्यवस्थापकिय पक्षमा गरिने सुधारमा खर्च गरेको प्रमाण पेश नगरेकोले उक्त खर्चको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,००,००० |
|---|---|

४५ **सिकाइ आपुरण तथा द्रुत सिकाई योजनाः**

कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को २.३.१४ क्रियाकलाप नं. २.७.१३.३०४ मा विपदका समयमा सिकाइ निरन्तरताका लागि सिकाई आपुरण तथा द्रुत सिकाई योजना (Real Plain) कार्यन्वयनको लागि स्थानिय तहबाट सम्पादन हुने कार्यहरु र विद्यालयले गर्नुपर्ने कार्यहरु उल्लेख गरिएको छ।साथै पालिकाले उक्त योजना अनुसार संचालित कार्यको नियमित अनुगमन गरी कार्यसम्पादनको प्रगती प्रतिवेदन केन्द्रमा पठाउने व्यवस्था छ।पालिकाले उक्त योजना कार्यन्वयनको लागि तपशिल अनुसार ८ विद्यालयहरुलाई रु.३7९421 उपलब्ध गराएकोमा लेखापरीक्षण अबधि सम्म पनि योजना कार्यन्वयन भएको छैन।अत: कार्यविधि अनुसार योजना कार्यान्वयन गरी विद्यालयबाट अनुगमन गरी बिल भर्पाई सहित कार्यसम्पादनको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | जनता मा.वि. | ९४३०४ |
| २ | मा.वि. मधपुर | ५८५१९ |
| ३ | आ.वि. बाँकी | १९७८७ |
| ४ | विरेन्द्र मा.वि. | ९१७७८ |
| ५ | सिद्ध पृथ्वी जनता मा.वि | ३६७२७ |
| ६ | . भानु मा.वि. | ४०४१६ |
| ७ | लक्ष्मीनारायण मा.वि. | ४२५२१ |
| ८ | सरस्वती मा.वि. | १५१५६ |
| **जम्मा** | | **३७९४२१** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७९,४२१ |

४६ **प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान:**

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नम्वर २.७.१३.५० को २.६ मा स्थानिय तहले अनुदान वितरण गर्नुपुर्व प्राविधिक धार सञ्चालन गर्ने निर्णय भएका विद्यालय तोकिएको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने, EMIS मा अध्यावधिक सङख्याको एकिन गरी प्रतिविद्यार्थी रु १५,००० का दरले हुन आउने रकम एकमुष्ठ रुपमा विद्यालयलाई अनुदान दिने,उक्त रकम कार्ययोजना बनाई विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार कार्यविधिले तोकेको क्षेत्रमा खर्च गर्ने व्यवस्था छ। पालिकाले तोकिएको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन नगरी प्राविधिक धार सञ्चालनमा रहेको विद्यालय सिद्ध पृथ्वी जनता मा.वि. लाई ५६ जना विद्यार्थीको प्रतिविद्यार्थी रु १५,००० का दरले हुन आउने रु ८४०,००० उपलब्ध गराएको छ। उक्त रकम विद्यालयले कार्यविधिले तोके बमोजिमका क्षेत्रमा खर्च गरे नगरेको सम्बन्धमा अनुगमन गर्नु पर्दछ।

४७ **सामाजिक सुरक्षाः**

४७.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७को१८(२) मा स्थानीय तहले आर्थिक कारोबार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक तथा बैकसँगको हिसाब मिलान गरी बाँकि रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्न कुमारी बैंकलाई निकासा गरेको रकम मध्ये वितरण गरी बचत भएको रकम रु. ५२६७२ आर्थिक वर्षको अन्त्यमा फिर्ता गर्नुपर्नेमा मिति २०८२।०७।२४ मा मात्र फिर्ता गरेको छ।

४७.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ३ को(११)१बमोजिम सम्बन्धित स्थानिय तहको अभिलेखबाट हटाउन पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानिय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने उल्लेख गरिएको छ। सोही कार्यवधिको बुँदा नं.११ (२) मा कुनै लाभग्राहीको मृत्यु भएमा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानिय तहको वडा कार्यालयमा त्यस्तो घटना दर्ता गराउनुपर्दछ। यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले मृत्यु भएका निम्न व्यक्तिको लगत कट्टा पछिको पनि सामाजिक सुरक्षा भत्ता वितरण गरेकाले उक्त रकम सम्बन्धितबाट फिर्ता भएको प्रमाण पेश गर्नुपर्ने रु

| क्र स | लाभग्राहीको नाम | भत्ताको किसिम | परिचय नं | लगत कट्टा लागु मिति | गएको भत्ता | जानुपर्ने भत्ता | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | मोहन कुमारी भट्टराई | जेष्ठ नागरिक | १९९२१२३०६७६४४ | २०८१।१०।०७ | १२००० | ९३३ | ११०६७ |
| जम्मा रु. | | | | | | | ११०६७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,०६७ |

४७.३ सामाजिक सुरक्षा कार्यविधि, २०७७ अनुरुप लगत अद्यावधिक गर्नुपर्ने सोहि कार्यविधिको अनुसुचि १० अनुसार बैंक संग निष्क्रिय खाताहरुको विवरण माग गरी हिसाव मिलान गर्नुपर्ने र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २२ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेखको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने नियम १६ बमोजिम भएको व्यवस्थाहरुको विवरण पालिकाले त्रैमासिक तथा बार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने लगायतका आन्तरिक लेखापरीक्षणबाट औंल्याएका व्यहोरामा सुधार हुनुपर्दछ ।

४८ **क्याम्पसलाई अनुदानः**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यन्वयन कार्यविधि,२०८१।०८२मा स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यामिक विद्यालय तहसम्म तलब भत्ता तथा विद्यालय गतिविधिसंग सम्वन्धित क्रियाकलापमा खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले माध्यामीक तह सम्मका विद्यालयमा मात्र बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्नुपर्नेमा गो.भौ.नं.५६०।०८२।२।१ बाट सिद्ध पृथ्वी जनता क्यामपसलाई रु ५लाख खर्च लेखेको छ । क्याम्पसले, विश्व विद्यालय तथा प्रदेश सरकारबाट अनुदान पाउने गरेकोमा गाउँपालिकाको कार्य क्षेत्र वाहिर गई उक्त सिद्ध पृथ्वी जनता क्यामपसलाई अनुदान खर्च लेखेकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

४९ **गैर सरकारी संस्था मार्फत खरिदः**

४९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु ६ करोडको लागत साझेदारीमा मिति २०८४।०२।१५ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९।११।१५ मा सम्झौता भएको छ।कुल लागत मध्ये ७० प्रतिशतले हुने रकम रु. ४२००००००।- पालिकाले र बाँकी हुने रकम रु.१८००००००।- हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८१।८२ मा रु.१०२२७४१८।- भुक्तानी भएको छ।हेफर इन्टरनेशनलसँग बहुवर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् :

४९.२ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि २०७९।११।१९ मा तीन वर्षको लागि सम्झौता गरेकोमा पालिकाबाट गर्ने खर्च मध्ये अनुगमन र मुल्याङ्कनमा रु.१३४९००० हेफरलाई तेश्रो किस्तामा उपलब्ध गराएको छ।कार्यक्रम कार्यान्वयन गर्ने गैरसरकारी संस्थाको कामको अनुगमन तथा मूल्याङकन सम्वन्धित पालिकाले गर्नुपर्नेमा स्वयं सोही संस्था वाट गराई खर्च लेख्न नमिल्ने देखिएकोले अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | १३,४९,००० |

४९.३ सम्झौताको वुँदा नं. ८.५ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ।हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रमबाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासको बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

४९.४ पालिकाले नागरिकलाई पुर्याउनुपर्ने आधारभूत कृषिमा आफ्नो स्वीकृत संरचना मार्फत सेवा पुर्याउनु पर्नेमा यस प्रकारको अन्तराष्ट्रिय गैरसरकारी सस्थामार्फत कार्य गराउदा खरिद ऐन, २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदातासँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने, गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ।पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत पेश्की दिनेगरेको पाईयो ।

४९.५ सार्वजनिक निकायले निर्माण कार्य गर्दा, वस्तु वा सेवा खरिद गर्दा तथा कार्यक्रम संचालन गर्दा आफैले सो कार्य गर्न क्षमताको अभाव भएमा कानूनबमोजिम बाह्य पक्षबाट सो कार्य गराउँदा सक्षम पक्षको छनौट गरी सम्झौता गरिएको भन्दा अन्यबाट सो कार्य गर्न गराउन स्वीकृति दिन मिल्दैन।गाउँपालिकाले कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको व्यवस्थापन र संचालनका लागि सम्झौताका आधारमा रकम उपलब्ध गराए तापनि हेफर प्रोजेक्टले सो परियोजनाको कार्यान्वयन सम्पूर्ण रुपमा स्थानीय गैरसरकारी संस्था नेपाल महिला सामुदायिक सेवा केन्द्र मार्फत गराएको छ।पहिलो पक्ष गाउँपालिकाले दोस्रो पक्ष रहेको हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरे तापनि आवश्यकता र सक्षमताको परीक्षण बेगर नै परियोजनाको कार्यान्वयन अन्य गैरसरकारी संस्थाले गर्न सहमति दिने र स्वीकार गर्ने, कार्यान्वयन गर्ने गराउने कार्य जवाफदेहिपूर्ण, औचित्यपूर्ण र विधिसम्मत् देखिएन ।

## ५० **औषधि खरिदः**

५०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २५ लाख सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । पालिकाले यस वर्ष तपशिल अनुसार औषधि तथा सर्जिकल सामाग्रीहरु रु.२५३७३३३को औषधि खरिद गरेकोमा सिलबन्दि दरभाउपत्र मार्फत न्युनतम कबोल गर्ने नयाँ मेडिको फर्मा बाट रु. ९७५४५९को खरिद गरेको छ । भने बाँकि रु.१५६१८७४मध्ये गुडलक मेडिकल एण्ड सप्लायर्स (२५ प्रकारका औषधि) बाट रु. ९९३८४५ र कुन्जन मेडको कन्सर्न (२१प्रकारका औषधि) बाट रु. ५६८०२९को सोझै खरिद गरेको पाईयो ।

५०.२

औषधिको म्यादः आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना वा ७५ प्रतिशत बाँकी हुनु पर्दछ। माथि उल्लेखित शिलबन्दी दरभाउपत्र मार्फत नयाँ मेडिको फर्माबाट खरिद गरिएका ७६ प्रकारका औषधिको स्टोर दाखिला मिति २०८१।८।२७ अर्थात २०२४ डिसेम्बर १२को हिसावले १८ महिनाको समयावधि २०२६ जुन १२ हुन्छ उक्त अवधि भन्दा कम अवधि भएका १० प्रकारका औषधिहरु पालिकाले स्वीकार गरको छ। अतः स्पेशिफिकेसनमा तोकिए अनुसार पूर्ण अवधि भएका औषधि मात्र खरिद गर्नुपर्दछ ।स्पेशिफिकेसनले तोकिए भन्दा कम म्याद भएका औषधिहरुका केही उदाहरणहरु निम्न छन:

| क्र.सं. | औषधिको नाम | ब्याच नं. | म्याद सकिने मिति | खरिद परिमाण |
|---|---|---|---|---|
| १ | Diclofenac Sodium १०० mg | Ot- ३७ | अप्रिल२०२६ | १००० Tab |
| २ | Metformin ५०० mg | Qmt४०७३a | मे २०२६ | ३०००० Tab |
| ३ | Amlodipine ५mg | OAMT१४१४६ | जनवरी २०२६ | ५२०००Tab |
| ४ | AluminiumHydroxide २५०mg | UTT-१६७ | मार्च २०२६ | १०००० Tab |
| ५ | Amoxycillin १२५mg | PM६-६७२ | मार्च २०२६ | ५००Bottle |

५१ **खोप खेर जाने दर अधिकः**

राष्ट्रिय खोप निर्देशिका (संशोधन), २०७९ को राष्ट्रिय खोप कार्यक्रमको शुक्ष्म योजना पुस्तिकामा खोपको खेर जाने दरको अधिकतम सिमा बि. सि. जी.मा ५० प्रतिशत, रोटामा ५ प्रतिशत,पोलियो(bopv) मा १५ प्रतिशत, fipv मा १० प्रतिशत, pcv मा ५ प्रतिशत, penta/Dpt मा १५ प्रतिशत, दादुरा (MR) मा ४० प्रतिशत, Typhoid मा १० प्रतिशत, जापानिज इन्सेफलाइटिस(JE) मा ४० प्रर्तिशत र Td मा १५ प्रतिशत हुनुपर्ने उल्लेख छ। पालिकाबाट प्रप्त खोपको विवरण र खेर जाने दर निम्न अनुसार भएको पाइयो।

| **बिवरण** | **BCG** | **DPT** | **OPV** | **PCV** | **Rota** | **Fipv** | **JE** | **MR** | **TD** | **TCV** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्राप्त खोप (डोजमा) | २८४० | १४५० | १४६० | १३४८ | ९०५ | ११७० | ८५५ | १६५० | १०८० | ६८० |
| खोप दिनखोलेको | २०२० | १२७० | १२९० | १०६८ | ६३८ | ९८५ | ५६५ | १३७५ | ८९० | ५०५ |
| खोप लगाएकोबच्चाको संख्या | २४७ | ९७४ | ९७४ | ९४३ | ६३८ | ६४१ | ३१० | ६४१ | ४३७ | ३३६ |
| खेर गएको खोपसङ्ख्या | १७७३ | २९६ | १० | १५५ | ४ | ३४४ | २५५ | २० | ४५३ | १६६ |
| फिर्तासङ्ख्या | ८२० | १८० | १६० | २८० | २६३ | १८५ | २९० | २६० | १९० | १७५ |
| खोप खेर जानेदर (प्रतिशतमा) | ८७ | २३ | २५ | ११ | ०.६२ | ३४ | ४५ | ५३ | ५१ | ३३ |

माथिको तलिका अनुसार BCG को खेर जाने दर ५० प्रतिशत हुनु पर्नेमा ८७ प्रतिशत, Bopv मा १५ प्रतिशत हुनु पर्नेमा २५ प्रतिशत, Fipv मा १० प्रतिशत हुनुपर्नेमा ३४ प्रतिशत, pcv मा ५ प्रतिशत हुनुपर्नेमा ११ प्रतिशत , penta/DPT मा १५ प्रतिशत हुनु पर्नेमा २३ प्रतिशत, दादुरा (MR) मा ४० प्रतिशत हुनु पर्नेमा ५३ प्रतिशत,Typhoid मा १० प्रतिशत हुनु पर्नेमा ३३ प्रतिशत,जापानि इन्सेफ्लाइटिस (JE) मा ४० प्रतिशत हुनु पर्नमा ४५ प्रतिशत र Td मा १५ प्रतिशत हुनु पर्नेमा ५१ प्रतिशत खोप खेर गएको पाइयो। यसरी १० खोपको खेरजाने दर विश्लेशण गर्दा Rota मा मात्र तोकिएको मापदण्ड भित्र रहेको र अन्य ९ खोप तोकिएको मापदण्ड भन्दा बढी दरमा खेर जाने देखिएकोले आगामी दिनमा खोपको खेर जाने दर कम गर्दै तोकिएको मापदण्ड अनुसार सिमा भित्र राख्ने प्रयास गर्नु पर्दछ।

५२ **कृषि पशु अनुदानः**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट उपलब्ध गराइएको विवरण अनुसार देहाय बमोजिम २४० जना कृषकहरुको लागि रु. ८०२५३३ खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकिकरण गर्नु गराउनु पर्दछ।

| अनुदानको विवरण | रकम | लाभान्वित संख्या | अनुदान प्रतिशत | वितरित सामग्री |
|---|---|---|---|---|
| च्याउ तरकारी वितरण | २४०००० | ६३ जना | ५० प्रतिशत अनुदान | बोडी,फर्सी, खुर्सानी, करेला, काक्रो १५८५ के जी |
| च्याउ तरकारी वितरण कार्यक्रम | १४५७५० | ५७ जना | ५० प्रतिशत अनुदान | २६५० के जी च्याउको बिउ |
| वर्षे/ हिउँदे घाँस वितरण कार्यक्रम | १२७८०० | ८३ जना | ५० प्रतिशत अनुदान | घाँसको बिउ वितरण |
| उन्नत कम्पोष्ट मल निमार्ण तथा निर्माण सामग्री अनुदान | ७०८५२ | ४० जना | १०० प्रतिशत अनुदान | मल वितरण |
| उन्नत कम्पोष्ट मल निमार्ण तथा निर्माण सामग्री अनुदान | १२८१३१ | ३० जना व्यक्ति | १०० प्रतिशत अनुदान | पाईप वितरण |
| माछाको भुरा तथा पोष्टिक आहार वितरण | ९०००० | ५० जना | ५० प्रतिशत अनुदान | ११५०० के जि भुरा |

५३ **पुँजीगत खर्चको अवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजीगत शिर्षकबाट खर्चबाट रु.१२ करोड ६६ लाख ४४ हजार खर्च गरेकोमा रु.७ करोड ८३ लाख १७ हजार अर्थात ६१.८४ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु.६लाख ८ हजार , सोझै रु.३२ लाख९६ हजार र उपभोक्ता समितिबाट रु.४ करोड ४४ लाख २१ हजार को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

| क्र.सं. | खरिद विधि | संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | खुला बोलपत्र | १६ | ७८३१७३६० |
| २ | सिलबन्दी दरभाउपत्र | १ | ६०८८४५ |
| ३ | सोझै | १६ | ३२९६०८२ |
| ४ | उपभोक्तासमिति वा लाभग्राही समुदाय | २१३ | ४४४२१७१३ |
| जम्मा | | | १२६६४४००० |

५४ **उपभोक्ताबाट कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन

जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । पालिकाले यो बर्ष २१३ विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ४ करोड ४४ लाख २१ हजार भुक्तानी गरेकोमा निम्नानुसार भएको पाईयो:-

• उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन ।

• उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा कतिपय योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

• सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, जटील संरचना समेत निमार्ण गरेको पाईयो । पालिकाले उपभोक्ता समितिको क्षमता अनुसारको कार्यमा मात्र सम्झौता गरी निर्माण गर्नुपर्दछ ।

**५५ जडान नभएकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम सार्वजनिक निर्माण वापत विल विजकको भुक्तानी गर्दा निर्माण कार्यको प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादन भएको आधारमा भुक्तानी गर्नुपर्ने तथा नियम १२५बमोजिम कुनै पनि निर्माण कार्यको कार्यसम्पन्न तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपशिल अनुसार ह्युम पाईप तथा पोल खरिद गरी सप्लायर्सलाई रु.९८४७०९ भुक्तानी गरेकोमा खरिद गरिएका निर्माण सामाग्रीको उपयोगको प्रमाण पेश हुनुपर्ने रु

| गो भौ न | खरिद गरेको सामान | भुक्तानी रकम |
|---|---|---|
| १४८।०८२।२।२० | ह्युम पाइप खरिद ४४ थान | ३९७६१२ |
| १४९।०८२।२।२० | विद्युत पोल खरिद | ५८७०९७ |
| जम्मा | | ९८४७०९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८४,७०९ |

**५६ अधुरो भवन निर्माण (ठेक्का न .१२।०८०।०८१):**

गाउँपालिकाको वडा न.३ कार्यालयको भवन निर्माणको लागि निर्माण व्यवसायी ओशिश कन्स्ट्रक्सन संग रु. ५११०५३३ को मिति २०८१ पौस मसान्त सम्म सम्पन्न गर्ने गरी मिति २०८१।१।२५ मा सम्झौता भएको छ।उक्त निर्माण कार्यको लेखापरिक्षण अवधि सम्म चौथो रनिङ्ग विल सम्मको कुल रु.३९ लाख ७३ हजार भुक्तानी भएको छ ।निर्माण व्यवसायीले समझौता अनुसार तोकीएको कार्यातालिका अनुसार निर्माण कार्य सम्पन्न नगरी विविध कारण जनाई म्याद थपको निवेदन पेश गरेकोमा पालिकाबाट पहिलो पटक

२०८२।३।१५ सम्म म्याद थप गरेकोमा उक्त अवधीमा पनि निर्माण कार्य सम्पन्न नगरी पुन म्याद थपको लागि निवेदन पेश गरेकोमा दोस्रो पटक मिति २०८२।६।१० गते सम्म म्याद थप गर्दा उक्त अवधिमा पनि निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गरेको देखिदैन । निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली.२०६४ को नियम १२१(१) बमोजिम सम्झौता रकमको १० प्रतिशत नवढने गरी सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पुर्वनिर्धारीत क्षतिपुर्ति लिने गरी कार्यापालिका बैठकबाट अनुमोदन गर्ने गरी म्याद थप गरेकोमा लेखापरीक्षणको क्रममा फिल्ड निरिक्षण गर्दा थप गरेको अवधीमा पनि भवन निर्माण सम्पन्न नगरी भवनको स्ट्रक्चर मात्र तयार गरेको फिनिसीङ, पेन्टीङ, पलास्टर लगायतको काम गर्न बाँकी रहेकोले खरिद नियमावली अनुसार पुर्व निर्धारीत क्षतिपुर्ति लिने गरी म्याद थप गरी भवन निर्माण कार्य समयमा सम्पन्न गर्नुपर्दछ ।

५७ **कलम खोलामा पक्की पुल निर्माण ( ठेक्का.न.१३।०७७।०७८) :**

५७.१ सार्वजनिक खरिद नियमावली.२०६४ को नियम १२१(१) मा निर्माण व्यावसायीको ढिलाईको कारण सम्झौता बमोजिमको अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशत नवढने गरी सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पुर्वनिर्धारीत क्षतिपुर्ति लिन सकिने व्यवस्था छ । कमल खोलामा डिपीआर सहित पक्की पुल निर्माण गर्नको लागि निर्माण व्यवसायी बाबुल/केशव शाह/ श्रीकृष्ण जेभी संग रु ३३४२०६१० को मिति २०८० साल पौष मासन्तमा सम्पन्न गर्ने गरी मिति २०७८।३।१५ मा सम्झौता भएको पाईयो।निर्माण व्यवसायीले विविध कारण जनाई सम्झौता अनुसार निर्माण कार्य नगरी म्याद थपको लागि निवेदन पेश गरेकोमा तेस्रो पटक समेत गरि १६ महिना म्याद थप गरि २०८२।९।२९ सम्म म्याद रहेको छ। उक्त अवधिमा पनि निर्माण कार्य सम्पन्न गरेको छैन । यस वर्ष रु ५० लाख मात्र बजेट विनियोजन भएकोमा चौथो रनिङ विलबाट रु.१३०७७६४३ विल पेश भएकोमा रु ७८०००००भुक्तानी दिइ रु. ५२७७६४३ भुक्तानी दिन वांकी रहेको देखिन्छ ।उक्त निर्माण कार्यको हाल सम्म कुल रु.२ करोड ७४ लाख ४० हजार भुक्तानी भएकोमा ८२ प्रतिशत वित्तीय प्रगति देखिन्छ । निर्माण व्यवसायीले सम्झौतामा उल्लेख गरेको कार्य तालिका अनुसार निर्माण कार्य नगर्दा थप गरेको अवधिमा आवश्यक बजेट पनि विनियोजन नहुने र निर्माण व्यवसायीले निर्माण कार्य नगर्दा पुलको साइड वाल, एप्रोज सल्याव र फिनिसिङको कार्य अधुरो रहेको छ। निर्माण व्यवसायीले पटक पटक म्याद थप गर्दा समेत पुलको निर्माण कार्य सम्पन्न गरेको छैन । नियमावली बमोजिम पुर्वनिर्धारीत क्षतिपुर्ति लिई निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

५७.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम, ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्रीमा प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। निर्माण कार्यको विमा गरेकोमा विमा गरेको रु ३७९३८५।को म्याद समाप्त भएकोले निर्माण कार्यको डिएलपी सम्मको विमा गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७९,३८५ |

५७.३ **बैंक जमानतः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **४,७१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५८ **खडकपुर पोटली झोलुङ्गे पुल (ठे न ३।०८१।०८२):**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ (१) मा सम्झौता अनुसार प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । खडकपुर पोटली झुलुङे पुलनिमार्ण कार्यको लागि आवश्यक पुलका सामग्री खरिदका लागी SK Engrineeing Industries संग रु २४९०२१९।४७ को मिति २०८२।३।१ मा सम्पन्न गर्ने गरी मिति २०८२।१।२ मा सम्झौता भएको छ।सप्लायर्सले सम्झौता अनुसार झोलुङगे पुलका सामाग्री आपुर्ति गरी बजेट अभाबको कारणले रु

९२२८७७ भुक्तानी गरेको छ । खरिद गरेको सामानहरु सम्वन्धित योजनामा जडान नगरी मौज्दात रहेको देखिन्छ । उक्त खरिद गरेका पुलका सामाग्री सम्वन्धित योजनामा जडान गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२२,८७७ |

५९ **सिमा भन्दा बढीको खरिदः**

सार्वजनिक खरिद नियमावलीको नियम ८५ (१) ख मा एकपटक वा पटक पटक गरी रु. १० लाख भन्दा वढी रकमको मालसामान एउटै व्यक्ती फर्म वा कम्पनी तथा संस्था वाट सोझौ खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले यस वर्ष देहायका फर्म वाट रु. १० लाख भन्दा वढी एउटै फर्मबाट सोझै खरिद गरी भुक्तानी दिएको छ । नमूना परिक्षण गर्दा पालिकाले कानूनको पालना नगरी तोकिएको सिमा भन्दा वढी सोझौ खरिद गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | गो.भौ | खरिद सामाग्रि | सप्लायर्स | खर्च रकम रु |
|---|---|---|---|---|
| १ | २४५,४९,३९२ | कम्प्युटर तथा प्रिन्टर | डिजिटल कम्प्युटर एण्ड ईलेक्ट्रोनिक वर्ल्ड | १००७७०३ |
| **जम्मा** | | | | **१००७७०३** |

| | |
|---|---|
| अनियमित भएको | १०,०७,७०३ |

६० **दोहोरो ओभरहेडः**

प्रदेश सरकारबाट हस्तान्तरीत योजना पातुखोला जुरपनिया बांध निर्माणको लागि निर्माण व्यवसायी एम. आर. के. सी निर्माण व्यावसायीसंग रु ६१३५४५।मा सम्पन्न गर्ने गरी सम्झौता भएको छ ।वांध निर्माणको लागि आवश्यक पर्ने Filling stone boulder in gabion को स्वीकृत नर्म्स अनुसार प्रति घनमीटर लागत अनुमान रु २८१० हुनुपर्नेमा दोहोरो ओभरहेड रु ४२१ थप गरी रु ३२३२। लागत अनुमान तयार गरी ठेक्का अह्वान गरेकोमा निर्माण व्यवसायीले उक्त आइटममा कबोल गरेको दर ३३००।का दरले १५२ घनमिटरको रु ५०१६००।भुक्तानी गरेकोले दोहोरो ओभरहेड थप गरी लागत अनुमान तयार गर्दा रु ६४०००। बढी व्ययभार परेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६४,००० |

६१ **कन्टिन्जेन्सी खर्चः**

६१.१ निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मस्टरोलबाट काम गरेको उल्लेख गरी रु.३५४०००, पत्रपत्रिका छपाईमा रु.८७५०००,फिल्ड भत्तामा रु.१६५०००,अन्यमा रु.४२१९६६ समेत यस वर्ष रु.२२ लाख ५० हजार कन्टीन्जेन्सी खर्च गरेको छ।

| विवरण | मस्टरोल | मर्मत तथा ईन्धन | पत्रपत्रिका तथा छपाई | फिल्ड भत्ता | अन्य | यस वर्षको जम्मा खर्च |
|---|---|---|---|---|---|---|
| कन्टिन्जेन्सी खर्च | ३५४००० | ४३५००० | ८७५००० | १६५००० | ४२१९६६ | २२५०९६६ |

६१.२ कार्यालयले कन्टिन्जेन्सीबाट मष्टरोलमार्फत रु.३ लाख ५४ हजार ज्याला खर्च लेखेकोमा बाटो निर्माण कार्यका लागि सुपरभाइजरहरू नियुक्त गरी निजहरूलाई पारिश्रमिक बापत उक्त रकम खर्च लेखेकोमा निजहरूले सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राख्ने गरेको पाइएन। सो को अतिरिक्त अतः निजहरूले सम्पादन गर्नुपर्ने र गरेको कामको विवरण स्पष्ट राख्नुपर्दछ।सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी

किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

६१.३ महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु.१० लाख १४ हजार सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन।

कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : दँगीशरणा गाउँपालिका, दाङ , दंगीशरण गाउँपालिका , दाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | DIlARAM PANDEY | २०८०-६-१८ | २०८१-६-२ |
| कार्यालय प्रमुख | Karna Bahadur nepali | २०८१-६-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bharat K.C | २०७८-९-८ | २०८१-११-२१ |
| लेखा प्रमुख | samir gautam | २०८१-११-२२ | २०८२-०४-१३ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ११३,२५३ | ७,८३३,१२३ | १४,६८३,४५५ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २२,६२९,८३१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ४,७१५,९५० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १७,९१३,८८१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३९३८८४७६.३४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६८६७५१८७ | चालु खर्च | २४४३४१८६६.३९ |
| प्रदेश सरकारबाट अनुदान | १५६१८२७० | पूँजीगत खर्च | १२६६४४९६१ |
| राजश्व बाँडफाँट | ९०१०३०५२.६७ | वित्तीय/अन्य व्यवस्था | १२४३२५३८० |
| आन्तरिक आय | ७८८५५६२.१२ | | |
| अन्य आय | १०५१५५००३.०१ | | |
| कुल आय | ४८७४३७०७४.८० | कुल खर्च | ४९५३१२२०७.३९ |
| बाँकी मौज्दात | | ३१५१३३४३.७५ | |

## अनुसूची - २

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय)

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ८,६६,५५,२५७.८२ | ० | ८,६६,५५,२५७.८२ | ७,९६,२९,३१५.७४ | ० | ७,९६,२९,३१५.७४ |
| १३००० | अनुदान | | २६,३२,८३,९७८.४२ | ० | २६,३२,८३,९७८.४२ | २६,४७,४१,७८७.७० | ० | २६,४७,४१,७८७.७० |
| १४००० | अन्य राजस्व | | १,११,२६,९९२.९३ | ० | १,११,२६,९९२.९३ | ९१,६७,३१६.६३ | ० | ९१,६७,३१६.६३ |
| क | कुल जम्मा प्राप्ति | | ३६,१०,६६,२२९.१७ | | ३६,१०,६६,२२९.१७ | ३५,३५,३८,४२०.०७ | | ३५,३५,३८,४२०.०७ |
| ३ | चालु | | २४,४३,४१,८६६.३९ | ० | २४,४३,४१,८६६.३९ | २३,७९,४०,६७२.०८ | ० | २३,७९,४०,६७२.०८ |
| २१००० | पारिश्रमिक / सुविधा | | १३,३४,६५,९२७.९० | ० | १३,३४,६५,९२७.९० | ११,५३,९९,५२५.५८ | ० | ११,५३,९९,५२५.५८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ६,७८,९९,१५३.४९ | ० | ६,७८,९९,१५३.४९ | ६,६७,४८,७७५.५० | ० | ६,६७,४८,७७५.५० |
| २५००० | सहायता (Subsidy) | | ३,४७,२६,४५६.०० | ० | ३,४७,२६,४५६.०० | ५,४०,८१,३७१.०० | ० | ५,४०,८१,३७१.०० |
| २७००० | सामाजिक सुरक्षा | | ६८,०९,४५६.०० | ० | ६८,०९,४५६.०० | ० | ० | ० |
| २८००० | अन्य खर्च | | १४,४०,८७३.०० | ० | १४,४०,८७३.०० | १७,११,०००.०० | ० | १७,११,०००.०० |
| ४ | पूंजीगत | | १२,६६,४४,९६१.०० | ० | १२,६६,४४,९६१.०० | १२,९०,६७,३९४.०० | ० | १२,९०,६७,३९४.०० |
| ३१११० | भवन तथा संरचना | | २,२३,०३,६४६.०० | ० | २,२३,०३,६४६.०० | ३,३९,०२,५३७.०० | ० | ३,३९,०२,५३७.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३७,१३,४६८.०० | ० | ३७,१३,४६८.०० | ५५,५६,१३९.०० | ० | ५५,५६,१३९.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ९,९८,८७,५१४.०० | ० | ९,९८,८७,५१४.०० | ८,९६,०८,७१८.०० | ० | ८,९६,०८,७१८.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ७,४०,३३३.०० | ० | ७,४०,३३३.०० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ३७,०९,८६,८२७.३९ | | ३७,०९,८६,८२७.३९ | ३६,७०,०८,०६६.०८ | | ३६,७०,०८,०६६.०८ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (९९,२०,५९८.२२) | | (९९,२०,५९८.२२) | (१,३४,६९,६४६.०१) | | (१,३४,६९,६४६.०१) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ३९,८५,३८२.२९ | | ३९,८५,३८२.२९ | ६,५३,८६१.६३ | | ६,५३,८६१.६३ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | २६,६१६.०० | | २६,६१६.०० | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (५९,३५,२१५.९३) | | (५९,३५,२१५.९३) | (१,२८,१५,७८४.३८) | | (१,२८,१५,७८४.३८) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३,५१,९८,४७६.३४ | | ३,५१,९८,४७६.३४ | ४,८२,२०,६२४.७६ | | ४,८२,२०,६२४.७६ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | २,९२,६३,२६०.४१ | | २,९२,६३,२६०.४१ | ३,५४,०४,८४०.३८ | | ३,५४,०४,८४०.३८ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।